# लुङ्ग्री गाउँपालिका

# स्थानीय राजपत्र

स्थानीय सरकारद्वारा प्रकाशित

खण्डः ९)  बडाचौर,  जेष्ठ ०८ गते,  २०८३ साल  (संख्या १२

भाग २

## लुङ्ग्री गाउँपालिकाको विद्यालय अनुगमन तथा झण्डा वितरण कार्यविधि, २०८३

### प्रस्तावनाः

विद्यालय सञ्चालन सम्बन्धी प्रचलित कानूनहरुको प्रभावकारी कार्यान्वयन गर्न, शैक्षिक सुदृढीकरण गरी समयानुकूल व्यावसायिक र व्यावहारिक शिक्षा प्राप्त गर्ने वातावरण सिर्जना गर्न, नवीनतम सूचना प्रविधिको अधिकतम प्रयोगसहित विद्यालय सुशासनका पक्षहरुलाई प्रभावकारी बनाउन तथा शैक्षिक गुणस्तर वृद्धि गरी सामुदायिक विद्यालयलाई बालमैत्री र सिकाईमैत्री बनाई अभिभावक र विद्यार्थीको पहिलो रोजाईको रुपमा स्थापित गर्न विद्यालयको शैक्षिक, प्रशासनिक तथा व्यवस्थापकीय

कार्यसम्पादनको स्थलगत रुपमा अनुगमन तथा मूल्याङ्कन गरी निर्धारित सूचकहरुमा विद्यालयहरुले प्राप्त गरेका अङ्कको अधारमा गुणस्तर मानक झण्डा वितरण गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम लुङ्ग्री गाउँपालिकाको कार्यपालिकाले यो विद्यालय अनुगमन तथा झण्डा वितरण कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "विद्यालय अनुगमन तथा व्यवस्थापन कार्यविधि २०८० रहनेछ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अकर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) 'गाउँपालिका" भन्नाले लुङ्ग्री गाउँपालिका, रोल्पालाई सम्झनुपर्छ ।

(ख) कार्यविधि भन्नाले लुङ्ग्री गाउँपालिका, रोल्पाको "विद्यालय अनुगमन तथा झण्डा वितरण कार्यविधि, २०८३ लाई सम्झनुपर्छ ।

(ग) “गाउँ शिक्षा समिति” भन्नाले लुङ्ग्री गाउँपालिका, रोल्पाको गाउँ शिक्षा समितिलाई सम्झनु पर्दछ ।

(घ) "अध्यक्ष" भन्नाले लुङ्ग्री गाउँपालिका, रोल्पाको अध्यक्ष एवं गाउँ शिक्षा समितिको संयोजकलाई सम्भ्झनु पर्दछ ।

(ङ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले लुङ्ग्री गाउँपालिका, रोल्पाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(च) “शिक्षा, युवा तथा खेलकुद शाखा” भन्नाले यस गाउँपालकिाको "शिक्षा, युवा तथा खेलकुद शाखा लाई सम्झनु पर्दछ।

(छ) "वडा कार्यालय" भन्नाले लुङ्ग्री गाउँपालिका, रोल्पा अन्तर्गतका वडा कार्यालयलाई सम्झनु पर्दछ ।

(छ) विद्यालय" भन्नाले लुङ्ग्री गाउँपालिका, रोल्पा अन्तर्गतका रहेका सामुदायिक विद्यालयलाई सम्झनु पर्दछ।

## ३. कार्यविधिको उद्देश्य :

३.१ विद्यालको शैक्षिक, प्रशासनिक तथा व्यवस्थापकीय क्षमताको अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सूचकको आधारमा स्तरीकृत गर्ने,

३.२ विद्यालय सञ्चालन तथा शैक्षिक व्यवस्थापन सम्बन्धी प्रचलित व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन गर्न सहयोग पूऱ्याउने,

३.३ विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गरी विद्यालयलाई बालमैत्री सिकाई केन्द्रको रुपमा स्तरीकृत गर्ने,

३.४ विद्यालको शैक्षिक, प्रशासनिक तथा व्यवस्थापकीय कार्यसम्पादनको मूल्याङ्कन गरी अङ्क प्रदान गर्ने र विद्यालयलाई वर्गीकरण गरी मानकको रुपमा झण्डा वितरण गर्ने,

३.५ सूचकमा विद्यालयले प्राप्त गरेको अङ्कको आधारमा विद्यालयहरुलाई कार्यक्रम, बजेट तथा अन्य स्रोत उपलब्ध गराउने,

३.६ सूचकहरुमा उत्कृष्ट विद्यालय, प्रधानाध्यापक तथा शिक्षकहरुलाई पुरस्कृत गर्ने ।

# परिच्छेद - २

## विद्यालय अनुगमनका सूचकहरु

### ४. विद्यालय अनुगमनका सूचकहरु निर्धारण तथा अनुगमन :

४.१ अनुगमनको लागि विद्यालयको भौतिक तथा शैक्षिक पक्ष, आधुनिक प्रविधिको अवलम्बन, विद्यालय सुशासन, अतिरिक्त क्रियाकलाप, शिक्षा सम्बन्धी नीति नियमको कार्यान्वयन, बालमैत्री उन्मुखता, जिन्सी तथा लेखा व्यवस्थापन, सहकार्य तथा समन्वय लगायतका पक्ष समेट्ने गरी जम्मा ५० वटा सूचकहरु हुनेछन्। प्रत्येक सूचकको उच्चतम अङ्क २ हुनेगरी जम्मा मूल्याङ्कनको अङ्कभार १०० हुनेछ।

४.२ गाउँ शिक्षा समितिले तोकेका मूल्याङ्कनकर्ताहरुले प्रत्येक सूचकको मूल्याङ्कन गर्दा देहाय अनुसार अङ्क प्रदान गर्नुपर्नेछः-

क) तोकिएको कार्य नभएको वा कुनै पनि अभिलेख नभएको- ० (अति कमजोर)

ख) तोकिएको कार्य आशिक मात्र भएको वा प्रयास अभिलेख नभएको- १ (कमजोर)

ग) अधिकांश कार्य पूरा भई सो पुष्टि गर्ने अभिलेख राखिएको- १.५ (सन्तोषजनक)

घ) सम्पूर्ण कार्य प्रभावकारी रुपमा भई अभिलेख पनि संलग्न राखिएको- २ (उत्कृष्ट)

४.३ आधारभूत तह (१-५) को लागि अनुसूची-१ तथा माध्यमिक र आधारभूत तह (१-८) विद्यालयहरुको अनुगमनका सूचकहरु अनुसूची २ बमोजिम हुनेछन्।

### ५. अनुगमन प्रक्रिया र सुधार योजना :

५.१ गाउँ शिक्षा समितिले अनुगमनकर्ताको छनौट गरी अनुगमनमा एकरुपताको लागि अभिमुखीकरण गरी जिम्मेवारी तोकी खटाउनु पर्नेछ ।

५.२ अनुगमन प्रक्रिया, विद्यालयले गर्नुपर्ने सहयोग तथा समन्वय, उपलब्ध गराउनु पर्ने कागजात लगायतको सम्बन्धमा सम्पूर्ण प्रधानाध्यापक तथा सम्पर्क शिक्षकलाई गाउँ कार्यपालिकाको कार्यालयले एक दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी आवश्यक निर्देशन जारी गर्नेछ।

५.३ विद्यालयले अनुगमन सूचकको व्यवस्थापन तथा अनुगमनका क्रममा विद्यालयको व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, जनप्रतिनिधि, अभिभावक, बाल क्लव लगायतलाई आमन्त्रण गर्नु पर्नेछ ।

५.४ अनुगमनकर्ताहरुले विद्यालयको अनुगमनका क्रममा सम्पादित कार्यको स्थलगत निरीक्षण, अनुगमन सूचकहरुसँग सम्बन्धित कार्यको माइन्युट, पत्रव्यवहार, प्रतिवेदन, फोटो तथा विद्युतीय अभिलेख तथा आवश्यक अन्य विवरणहरु हेरी तोकिएको मध्ये जुन आधार पूरा भएको हो सोही अनुसारको अङ्क प्रदान गर्नु पर्नेछ ।

५.५ अनुगमनकर्ताहरुले अनुगमन अङ्क प्रदान गरेपश्चात सम्बन्धित प्रधानाध्यापक वा वि.व्य.स प्रतिनिधिको हस्ताक्षर सहितको प्रतिवेदन गाउँ शिक्षा समिति समक्ष पेश गर्नु पर्नेछ ।

५.६ अनुगमन पश्चात स्तरवृद्धि गर्नुपर्ने सूचकहरुको लक्ष्य पूरा गर्न विद्यालयले निश्चित अवधि तोकी कार्ययोजना बनाई कार्यान्वयनमा ल्याउनु पर्नेछ ।

## ६. विद्यालय वर्गीकरण, झण्डा तथा पुरस्कार वितरण :

६.१ मूल्याङ्कनकर्ताबाट प्रदान गरिएको अङ्कको आधारमा गाउँ कार्यपालिकाले विद्यालय वर्गीकरण गरी एक विशेष कार्यक्रम मार्फत देहायानुसार झण्डा प्रदान गरिनेछ-

क) २५ भन्दा कम अङ्क प्राप्त गर्ने विद्यालयलाई रातो झण्डा,

ख) २५.५ देखि ५० अङ्क प्राप्त गर्ने विद्यालयलाई पहेंलो झण्डा

ग) ५०.५ देखि ७५ अङ्क प्राप्त गर्ने विद्यालयलाई निलो झण्डा र

घ) ७५.५ प्रतिशतभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यालयलाई हरियो झण्डा ।

६.२ मूल्याङ्कनमा उत्कष्ट कार्यसम्पादन गर्ने विद्यालय, प्रधानाध्यापक तथा शिक्षकहरुलाई प्रोत्साहनको लागि तहगत रुपमा पुरस्कृत गर्नु पर्नेछ ।

६.३ उल्लिखित झण्डाहरुले विद्यालयको शैक्षिक गुणस्तर मानकको प्रतिनिधित्व गर्नेछन्। उक्त झण्डालाई विद्यालयहरुले राष्ट्रिय झण्डासँगै खुला स्थानमा सबैले देख्ने गरी राख्नु पर्नेछ ।

## ७. विद्यालय अनुगमन अवधि :

७.१ यस कार्यविधि बमोजिम विद्यालयहरुको नियमित अनुगमन प्रत्येक शैक्षिक सत्रमा कम्तिमा एक पटक गरिनेछ। अनुगमन शैक्षिक सत्रको अन्त्यमा गर्नुपर्ने भएमा फाल्गुन महिनामा र शैक्षिक सत्रको शुरुमा गर्नुपर्ने भएमा जेठ महिनामा सम्पन्न गरिसक्नु पर्नेछ।

# परिच्छेद ३

# विविध

## ८. झण्डाको पुनरावलोकन हुनेः

अनुगमन पश्चात कुनै झण्डा पाइसकेको विद्यालयले सूचकमा सुधार गरी भण्डा पुनरावलोकन गर्न पहिलो अनुगमन भएको ३ महिनाभित्र एक पटकको लागि गाउँ शिक्षा समितिमा विद्यालय अनुगमनको लागि निवेदन दिन सक्नेछन्। त्यसरी निवेदन प्राप्त भएमा गाउँ शिक्षा समितिले आवश्यक निर्णय गरी उक्त विद्यालयको पुनः अनुगमन गरी वितरण गरिएको गुणस्तर मानक झण्डा पुनरावलोकन गर्न सक्नेछ ।

## ९. सम्पर्क व्यक्ति तोक्नु पर्नेः

यस कार्यविधि बमोजिम हुने विद्यालयको अनुगमनको सम्बन्धमा सूचना आदानप्रदान तथा अन्य व्यवस्थापकीय कार्यको लागि सम्बन्धित विद्यालयको प्रधानाध्यापक वा विद्यालय व्यवस्थापन समितिले तोकेको शिक्षक सम्पर्क व्यक्ति हुनेछ ।

## १०. खारेजी तथा बाधा अड्काउ फुकाउ सम्बन्धी व्यवस्थाः

गाउँ कार्यपालिकाले अनुगमनको प्रभावकारीता अध्ययन गरी यस कार्यक्रमलाई आवश्यकता अनुसार निरन्तरता दिन वा खारेज गर्न सक्नेछ। यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै द्विविधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले निर्णय गरी बाधा अड्काउ फुकाउनेछ।

अनुसूची १

## प्राथमिक विद्यालय अनुगमन सूचक

विद्यालयको नामः.............................................................................................. ठेगानाः ...................................................... अनुगमन मितिः ..........................

| कुल शिक्षकको संख्या | महिला शिक्षक | पुरुष शिक्षक | जम्मा | कुल विद्यार्थी संख्या | छात्रा | छात्र | जम्मा | भौतिक पूर्वाधारको अवस्था | भवन | शौचालय | खानेपानी | विद्युत | खेलमैदान | बाल बगैंचा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | |
| अनुगमनको दिन उपस्थित शिक्षक संख्या ................. | | | | | अनुपस्थित शिक्षक संख्याः ........... | | | अनुगमनको दिन उपस्थित विद्यार्थी संख्याः ......... | | | | अनुपस्थित विद्यार्थी संख्याः .......... | | |

## सूचक तथा मूल्याङ्कन विवरण

| क्र.स. | सूचकको विवरण | मूल्याङ्कनका आधार | | | | प्राप्ताङ्क | सूचक सुधारको लागि विद्यालयको कार्ययोजना र अवधि |
|---|---|---|---|---|---|---|---|
| | | उत्कृष्ट (२ अङ्क) | सन्तोषजनक (१.५ अङ्क) | कमजोर (१ अङ्क) | अति कमजोर (० अङ्क) | | |
| १ | विद्यालय सञ्चालनको लागि तोकिएको (१०-०४) को समय पालना भएको र सोही अनुसार शिक्षकहरुबाट आएको र गएको समय जनाई हाजिर गरेको | आएको र गएको समय उल्लेख गरी हस्ताक्षर गरेको र मासिक रुपमा हाजिरी विदा लगायत विश्लेषण गरिएको | शिक्षक आएको र गएको समय उल्लेख गरी हस्ताक्षर गरेको हाजिरी विवरण | शिक्षक आएको र गएको हस्ताक्षर भएको हाजिरी विवरण | आधार नचाहिने | | |
| २ | शिक्षक र विद्यार्थीको लागि तोकिएको पोशाकलाई नियमित रुपमा प्रभावकारी प्रचलनमा ल्याइएको साथै विद्यालयमा नियमित राष्ट्रिय गानसहितको पि.टी. प्रदर्शन गरिएको | कम्तिमा ९५ प्रतिशत शिक्षक र विद्यार्थीले पोशाक सहित पिटिमा नियमित सहभागी भएको | कम्तिमा ८५ प्रतिशत शिक्षक र विद्यार्थीले पोशाक सहित पिटिमा नियमित सहभागी भएको | कम्तिमा ७५ प्रतिशत शिक्षक र विद्यार्थीले पोशाक सहित पिटिमा नियमित सहभागी भएको | आधार नचाहिने | | |
| ३ | विद्यालयले निर्माणात्मक मूल्याङ्कन र निरन्तर मूल्याङ्कनको लागि प्रत्येक विद्यार्थीको व्यक्तिगत फाईल खडा गरी नियमित गरिएको | १-५ सम्मका सबै विद्यार्थीको व्यक्तिगत फाइल खडा गरी नियमित गरेको | १-३ सम्मका सबै विद्यार्थीको व्यक्तिगत फाइल खडा गरी नियमित गरेको | आंशिक विद्यार्थीको व्यक्तिगत फाइल खडा गरी केही मात्र भरेको | आधार नचाहिने | | |
| ४ | वि.व्य.स. प्र.अ., शिक्षक तथा कर्मचारीको बिचमा सहयोग, समन्वय र सहकार्यको लागि सुमधुर सम्बन्ध कायम भएको साथै चेन अफ कमाण्ड अनुसार निर्देशनको पालना भएको | वि.व्य.स., शिक्षक तथा कर्मचारी बैठकका निर्णय र निर्णय पूर्ण कार्यान्वयनको समिक्षा | वि.व्य.स., शिक्षक तथा कर्मचारी बैठकका निर्णय र निर्णय अधिकांश कार्यान्वयनको समिक्षा | वि.व्य.स., शिक्षक तथा कर्मचारी बैठकका निर्णय र निर्णय आंशिक कार्यान्वयनको समिक्षा | आधार नचाहिने | | |
| ५ | प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीहरुको बसाइका लागि स्थान व्यवस्थित गरिएको | छुट्टै बसाइका लागि सबैको नेमप्लेट भएको | बसाइका लागि सबैको नेमप्लेट भएको | केही मात्रामा छुट्टै बसाइ भएको | आधार नचाहिने | | |
| ६ | प्रधानाध्यापकबाट कक्षा सञ्चालनको प्रभावकारीता, शिक्षकका शैक्षिक क्रियाकलाप लगायतको अनुगमन हुने गरेको | अनुगमन अभिलेख खडा गरी मासिक रुपमा पृष्ठपोषण सहित अनुगमन गर्ने गरेको | अनुगमन अभिलेख खडा गरी त्रैमासिक रुपमा पृष्ठपोषण सहित अनुगमन गर्ने गरेको | अनुगमन गरी सुझाव तथा पृष्ठपोषण दिएको | आधार नचाहिने | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | वि.व्य.स. तथा स्टाफहरुको नियमित रुपमा बैठक बसी विद्यार्थी सिकाई उपलब्धीको बारेमा छलफल भई सुधारार्थ आवश्यक क्रियाकलाप सञ्चालन सम्बन्धी निर्णय भएको | मासिक रुपमा बैठक बसी समिक्षा, सुधारार्थ कार्ययोजना तर्जुमा तथा मूल्याङ्कन लगायत निर्णय | कम्तीमा त्रैमासिक रुपमा बैठक बसी समिक्षा, सुधारार्थ कार्ययोजना तर्जुमा | कहिकाही बैठक बसी समिक्षा, सुधारार्थ कार्ययोजना तर्जुमा लगायत निर्णय | आधार नचाहिने | | |
| ८ | शिक्षक अभिभावक संघको नियमित बैठक बसी शैक्षिक गतिविधिको सम्बन्धमा वि.व्य.स. लाई आवश्यक सल्लाह, सुझाव दिनुका साथै सहयोगको प्रतिवद्धता गरेको | मासिक रुपमा बैठक बसी समिक्षा, सुधारार्थ कार्ययोजना तर्जुमा तथा मूल्याङ्कन लगायत निर्णय | कम्तीमा त्रैमासिक रुपमा बैठक बसी समिक्षा, सुधारार्थ कार्ययोजना तर्जुमा | कहिकाही बैठक बसी समिक्षा, सुधारार्थ कार्ययोजना तर्जुमा लगायत निर्णय | आधार नचाहिने | | |
| ९ | वि.व्य.स. का पदाधिकारीहरुबाट विद्यालयका समग्र गतिविधिहरुको नियमित अनुगमन हुनुका साथै प्र.अ. र शिक्षकहरुलाई आवश्यक सुझाव तथा पृष्ठपोषण दिने गरिएको | अनुगमन अभिलेख खडा गरी मासिक रुपमा पृष्ठपोषण सहित अनुगमन गर्ने गरेको | अनुगमन अभिलेख खडा गरी त्रैमासिक रुपमा पृष्ठपोषण सहित अनुगमन गर्ने गरेको | अनुगमन गरी सुझाव तथा पृष्ठपोषण दिएको | आधार नचाहिने | | |
| १० | विद्यालयमा अध्ययन अनुमति पत्र प्राप्त शिक्षकहरुको व्यवस्था भएको साथै त्रैमासिक रुपमा शिक्षकहरुले आफुले पढाउनु पर्ने पाठ तथा क्रियाकलापहरु सम्पन्न भएको | लाइसेन्स र तालिम प्राप्त सबै शिक्षकले तोकिएको समयमा पठनपाठन सम्पन्न गरेको | शिक्षकले तोकिएको समयमा पठनपाठन सम्पन्न गरेको | अधिकांश पठनपाठन सम्पन्न गरेको | आधार नचाहिने | | |
| ११ | शिक्षकहरुबाट प्रत्येक विषयको तोकिएको शिक्षण सिकाई सञ्चालनको क्रममा वा सञ्चालन पश्चात दिएको कक्षा कार्य वा गृहकार्य नियमित रुपमा पृष्ठपोषण सहित जाँच भएको | लग बुक खडा गरी नियमित गृह कार्य दिनुका साथै पृष्ठपोषण सहित जाँच गरेको | नियमित रुपमा गृह कार्य दिने गरेको साथै पृष्ठपोषण सहित जाँच गर्ने गरेको | आवधिक रुपमा गृह कार्य दिने र पृष्ठ पोषण सहित जाँच गर्ने | आधार नचाहिने | | |
| १२ | विद्यालयमा सञ्चालन हुने त्रैमासिक जाँचपश्चात नतिजा विश्लेषण गरी नतिजा प्रकाशन तथा विद्यार्थी र अभिभावकलाई मार्कसिट हस्तान्तरण गरेको/सुनुवाइ गरेको | त्रैमासिक रुपमा पूर्ण अभिभावक भेला आयोजना गरी ग्रेडशिट वितरण गरेको तथा सुनुवाइ गरेको | त्रैमासिक रुपमा अभिभावक आंशिक भेलाबाट ग्रेडशिट वितरण वा सुनुवाइ गरेको | कक्षागत रुपमा ग्रेडशिट वितरण गरेको वा सुनुवाइ गरेको | आधार नचाहिने | | |
| १३ | विद्यालयमा बजेट तथा कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने गरेको, आम्दानी तथा खर्चलाई तोकिएकै ढाँचामा अभिलेख राखिएको र निकासा रकम शीर्षक अनुसार खर्च गरेको भएको | बजेट तथा कार्यक्रम तर्जुमा गरी वि.व्य.स. बाट स्वीकृत गरेको र तोकिएकै ढाँचामा आम्दानी र खर्चको खाता राखेको साथै निकासा रकम तोकिए अनुसार खर्च गरेको | बजेट तथा कार्यक्रम तर्जुमा गरी वि.व्य.स. बाट स्वीकृत गरेको साथै निकासा रकम तोकिए अनुसार खर्च गरेको | बजेट तथा कार्यक्रम तर्जुमा गरी वि.व्य.स. बाट स्वीकृत गरेको | आधार नचाहिने | | |
| १४ | कक्षा शिक्षकबाट विद्यार्थीको र प्र.अ. बाट शिक्षकको दैनिक हाजिरी रुजु हुनुको साथै मासिक रुपमा विद्यार्थी र शिक्षक हाजिरी लेखाजोखा गरी पृष्ठपोषण तथा निर्देशन दिइएको | मासिक बैठकमा विद्यार्थी र शिक्षकको हाजिरीको लेखाजोखा भई पृष्ठपोषण प्रदान गरिएको र सोको कार्यान्वयन अभिलेख | त्रैमासिक बैठकमा विद्यार्थी र शिक्षकको हाजिरीको लेखाजोखा भई पृष्ठपोषण प्रदान गरिएको र सो को कार्यान्वयन अभिलेख | अर्धबार्षिक बैठकमा विद्यार्थी र शिक्षकको हाजिरीको लेखाजोखा भई पृष्ठपोषण प्रदान गरिएको | आधार नचाहिने | | |
| १५ | प्रत्येक विषयका शिक्षकले सम्बन्धित विषयको प्रभावकारी शिक्षण सिकाई क्रियाकलापहरु सञ्चालन गर्दै कक्षा कोठामा ४५ मि. वा तोकिएको पूरा अवधि कक्षा सहजीकरण गरेको | कक्षामा बिताउनु पर्ने समय निर्धारण गरिएको अभिलेख र तोकिएको समय बिताएको देखिने लगबुक | शिक्षकले कक्षामा बिताउनु पर्ने समय निर्धारण गरिएको अभिलेख र तोकिएको समय बिताएको देखिने लगबुक | शिक्षकले कक्षामा बिताउनु पर्ने समय निर्धारण गरिएको र तोकिएको समय आंशिक रुपमा पालना भएको | आधार नचाहिने | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १६ | शिक्षकहरु काज/बिदा बस्दा प्रधानाध्यापकबाट मनासिव कारण सहितको लिखित निवेदन स्वीकृत गराएर मात्र बस्ने गरेको साथै सो को विवरण हाजिरी रजिष्टरमा अद्यावधिक गरिएको | सबै शिक्षकहरुको काज/बिदा निवेदन र सो को स्वीकृति सम्बन्धी अभिलेख र अद्यावधिक हाजिरी विवरण | अधिकांश शिक्षकहरुको काज/बिदा निवेदन र सो को स्वीकृति सम्बन्धी अभिलेख र अद्यावधिक हाजिरी विवरण | आंशिक शिक्षकहरुको काज/बिदा निवेदन र सो को स्वीकृति सम्बन्धी अभिलेख र अद्यावधिक हाजिरी विवरण | आधार नचाहिने | | |
| १७ | विद्यालयले प्रत्येक वर्षको सामाजिक परीक्षण र लेखा परीक्षण समयमा नै सम्पन्न गरी सो को प्रतिवेदन गाउँपालिकामा पेश गरेको | तोकिएको समयमा उक्त परीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरेको र प्रतिवेदन गाउँपालिकामा पेश गरेको पत्रको नक्कल | अन्य समयमा उक्त परीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरेको र प्रतिवेदन गाउँपालिकामा पेश गरेको पत्रको नक्कल | अन्य समयमा उक्त परीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरेको | आधार नचाहिने | | |
| १८ | विद्यालयमा जोखिम/विपद् क्षेत्रको पहिचान गरी जोखिम तथा विपद् न्यूनीकरणको लागि आवश्यक तयारी तथा पूर्वाभ्यास गरिएको | जोखिमको नक्साङ्कन गरेको र विपद् न्यूनीकरणका उपायहरुको अवलम्बन गरी कम्तिमा एक पटक पूर्वाभ्यास गरेको अभिलेख | विपद् जोखिमको नक्साङ्कन गरेको र विपद् न्यूनीकरणका उपायहरुको अवलम्बन गरेको अभिलेख | विद्यालयमा विपद् जोखिमको नक्साङ्कन गरेको देखिने विवरण | आधार नचाहिने | | |
| १९ | नियमित रुपमा सबै तहका बालबालिका सहभागी हुने गरी कला, साहित्य, संगित, खेलकुद, बैद्धिक परीक्षण लगायतका क्षेत्र समावेश गरी शुक्रबारीय अतिरिक्त क्रियाकलाप सञ्चालन गरिएको | सम्पन्न भएका शुक्रबारीय क्रियाकलापहरुको विवरण र प्रत्येक कार्यक्रमको शीर्षक, विजेता तथा सहभागीहरुको विवरण | सम्पन्न भएका शुक्रबारीय क्रियाकलापहरुको विवरण र आंशिक कार्यक्रमको शीर्षक, विजेता तथा सहभागीहरुको विवरण | सम्पन्न भएका शुक्रबारीय क्रियाकलापहरुको विवरण | आधार नचाहिने | | |
| २० | गाउँ कार्यपालिकाको कार्यालयमा बुझाउनुपर्ने कागज-पत्र, बिलभर्पाई, मागफाराम, तलबी प्रतिवेदन, IEMIS लगायतका अन्य विवरण समेत तोकिएको समयमै बुझाएको | गाउँपालिकामा पेश गरेका उल्लिखित कागजातको सक्कल विवरण र IEMIS को अद्यावधिक प्रमाणित विवरण | गाउँपालिकामा पेश गरेका उल्लिखित अधिकांश कागजातको सक्कल विवरण र IEMIS को अद्यावधिक प्रमाणित विवरण | IEMIS को अद्यावधिक प्रमाणित विवरण | आधार नचाहिने | | |
| २१ | विद्यालय शान्ति क्षेत्रको अवधारणालाई कार्यान्वयन गरिएको साथै विद्यालयमा शारीरिक तथा मानसिक यातनालाई बन्देज लगाइएको | बैठक बसी शान्ति क्षेत्रको अवधारणामा प्रतिवद्धता जनाइएको साथै शारीरिक तथा मानसिक यातना नदिने निर्णय भएको र सो सम्बन्धमा कुनै गुनासो नरहेको अभिलेख | बैठक बसी शारीरिक तथा मानसिक यातना नदिने निर्णय भई पूर्ण रुपमा कार्यान्वयनमा आएको | शारीरिक तथा मानसिक यातना नदिइएको र सो सम्बन्धमा कुनै गुनासो नरहेको अभिलेख | आधार नचाहिने | | |
| २२ | वि.व्य.स. को निर्णय प्रक्रियामा सबै सदस्यहरुको अर्थपूर्ण रुपमा सहभागी भएको | वि.व्य.स. को बैठकमा सदस्यहरुको उपस्थिति शत प्रतिशत रहेको | वि.व्य.स. को बैठकमा सदस्यहरुको उपस्थिति ८० प्रतिशत रहेको | वि.व्य.स. को बैठकमा सदस्यहरुको उपस्थिति ५० प्रतिशत रहेको | आधार नचाहिने | | |
| २३ | विद्यालयमा गाउँ कार्यपालिका, गाउँ शिक्षा समिति, सम्बन्धित वडा समिति र प्र.अ. बैठकबाट भएका निर्णयहरु कार्यान्वयन गरिएको साथै निर्देशनहरु पालना भएको | विभिन्न निकायबाट प्राप्त निर्देशनको अभिलेख र कार्यान्वयनको लागि भएका निर्णय र निर्देशन कार्यान्वयनको समिक्षा | विभिन्न निकायबाट प्राप्त निर्देशनको अभिलेख र कार्यान्वयनको लागि भएका निर्णय | विभिन्न निकायबाट प्राप्त निर्देशनको अभिलेख र निर्देशन पालना गरेको विद्यालयको प्रतिवेदन | आधार नचाहिने | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २४ | विद्यालयमा भवन, कक्षा कोठा, खेलमैदान, खानेपानी, शौचालय, भर्याङ, घेराबार लगायतका संरचनासँग सम्बन्धित पूर्वाधार लैङ्गिकमैत्री, बालमैत्री तथा अपाङ्गमैत्री ढाँचामा निर्माण भएको | विद्यालयका सबै भौतिक पूर्वाधारहरुमा उल्लिखित ढाँचा अवलम्वन गरेको देखिने विवरण | विद्यालयका अधिकांश भौतिक पूर्वाधारहरुमा उल्लिखित ढाँचा अवलम्वन गरेको देखिने विवरण | विद्यालयका आंशिक भौतिक पूर्वाधारहरुमा उल्लिखित ढाँचा अवलम्वन गरेको देखिने विवरण | आधार नचाहिने | | |
| २५ | विद्यालय हाताभित्र स्वच्छ खानेपानीको व्यवस्था, साबुनपानी सहित हातधुने स्थानको व्यवस्था साथै शौचालयभित्र समेत पानीको प्रभावकारी प्रबन्ध भएको | उल्लिखित व्यवस्था देखिने विवरण, उक्त प्रबन्ध प्रभावकारी भएको मासिक निरीक्षण प्रतिवेदन र सो सम्बन्धमा कुनै गुनासो प्राप्त नभएको | उल्लिखित व्यवस्था देखिने विवरण, उल्लिखित प्रबन्ध प्रभावकारी भएको त्रैमासिक निरीक्षण प्रतिवेदन | उल्लिखित व्यवस्था कार्यान्वयनमा ल्याइएको विद्यालयको प्रतिवेदन तर नियमित निरीक्षण नभएको | आधार नचाहिने | | |
| २६ | खर्च भएर जाने तथा खर्च भएर नजाने जिन्सी सामग्रीको जिन्सी खाता खडा भई नियमित रुपमा विवरण अध्यावधिक हुने गरेको | जिन्सी सामग्रीको खाता राखिएको, खातामा सामग्रीहरु अद्यावधिक गरिएको र जिन्सी निरीक्षणको वार्षिक प्रतिवेदन | जिन्सी सामग्रीको खाता राखिएको, खातामा सामग्रीहरु अद्यावधिक गरिएको | जिन्सी सामग्रीको खाता राखिएको, खातामा सामग्रीहरु आंशिक अद्यावधिक गरिएको | आधार नचाहिने | | |
| २७ | विद्यालय परिसर, कक्षाकोठा, शौचालय लगायतमा प्रभावकारी सरसफाई गरिएको साथै कुहिने र नकुहिने फोहोर व्यवस्थापनको लागि डष्टविन वा खाडलको व्यवस्था भएको | सरसफाईको लागि संरचनागत व्यवस्था रहेको, डष्टविन वा खाडलको व्यवस्था भएको र सरसफाईको अवस्था निरीक्षण प्रतिवेदन | संरचनागत व्यवस्था रहेको, परिसरमा फोहोर व्यवस्थापनको लागि डष्टविन वा खाडलको व्यवस्था भएको | फोहोर व्यवस्थापनको लागि डष्टविन वा खाडलको व्यवस्था भएको | आधार नचाहिने | | |
| २८ | विद्यालयमा घेराबार, खेलमैदान, छात्रछात्रा शौचालय, बाल बगैंचा, विद्युत वा विद्युतको वैकल्पिक व्यवस्था आदिको व्यवस्था भएको साथै सबै कक्षामा प्रयास हावा र प्रकाश आउने व्यवस्था मिलाइएको | विद्यालयमा उल्लिखित व्यवस्था पूर्ण रुपमा कार्यान्वयनमा आएको स्थलगत रुपमा देखिएको विवरण | विद्यालयमा उल्लिखित व्यवस्था अधिकांश रुपमा कार्यान्वयनमा आएको स्थलगत रुपमा देखिएको विवरण | विद्यालयमा उल्लिखित व्यवस्था आंशिक रुपमा कार्यान्वयनमा आएको स्थलगत रुपमा देखिएको विवरण | आधार नचाहिने | | |
| २९ | छुट्टै चमेना गृहको व्यवस्था भएको साथै दिवा खाजा सम्बन्धी मापदण्ड बमोजिम स्थानीय उत्पादनका परिकार समावेश मेनु अनुसार दिवा खाजा कार्यक्रम सञ्चालन भएको | छुट्टै चमेना गृहको व्यवस्था भई मेनु अनुसार परिकारहरु समावेश गरी कार्यक्रम सञ्चालन गरिएको र स्वच्छता सुनिश्चित गरेको निरीक्षण प्रतिवेदन | वैकल्पिक व्यवस्थाका साथ मेनु अनुसार परिकारहरु समावेश गरी कार्यक्रम सञ्चालन गरिएको र स्वच्छता सुनिश्चित गरेको निरीक्षण प्रतिवेदन | मेनु अनुसार परिकारहरु समावेश गरी कार्यक्रम सञ्चालन गरिएको अभिलेख | आधार नचाहिने | | |
| ३० | बाल विकास कक्षा न्यूनतम मापदण्ड अनुसार सञ्चालन भएको साथै कक्षा ३ सम्म बसाई व्यवस्थापन गरिएको | मापदण्ड अनुसारको बाल विकास कक्षा सञ्चालनमा आएको र कक्षा १ देखि ३ सम्म बसाइ व्यवस्थापन भएको | बाल विकास कक्षा र कक्षा १ लाई छुट्टै राखिएको र कक्षा १ देखि ३ सम्म बसाइ व्यवस्थापन भएको | कक्षा १ देखि ३ सम्म बसाइ व्यवस्थापन भएको | आधार नचाहिने | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३१ | विद्यार्थी पठनपाठन, सिकाई उपलब्धी तथा विद्यालयका क्रियाकलापहरु प्रति अभिभावकको चासो भएको साथै नियमित अभिभावक भेला बस्ने गरेको | आगन्तुक पुस्तिकामा मासिक कम्तिमा ३० जना अभिभावकको उपस्थिति रहेको | आगन्तुक पुस्तिकामा मासिक कम्तिमा २० जना अभिभावकको उपस्थिति रहेको | आगन्तुक पुस्तिकामा मासिक कम्तिमा १० जना अभिभावकको उपस्थिति रहेको | आधार नचाहिने | | |
| ३२ | विद्यालयको आफ्नै फोन नम्बर, इमेल ठेगाना, वेवसाइट/फेसबुक/टुईटर पेज भएको सूचना तथा अन्य गतिविधि सोही माध्यमबाट सार्वजनिक गर्ने व्यवस्था भएको | विद्यालयको आफ्नै फोन नम्बर, इमेल ठेगाना र फेसबुक पेज निर्माण भई सञ्चालनमा आएको र जिम्मेवार व्यक्ति तोकिएको | विद्यालयको आफ्नै फोन नम्बर, इमेल ठेगाना र फेसबुक पेज निर्माण भई पूर्ण रुपमा सञ्चालनमा आएको प्रतिवेदन | विद्यालयको आफ्नै फोन नम्बर, इमेल ठेगाना र फेसबुक पेज निर्माण भई आंशिक रुपमा सञ्चालनमा आएको | आधार नचाहिने | | |
| ३३ | विद्यार्थीको सहज पहुँच हुने गरी कक्षा १-३/१-५ का लागि शिक्षण सिकाइ सामग्री व्यवस्थापन भएको | शिक्षण सिकाइ सामग्रीको देखिने विवरण र सो नियमित प्रयोग भएको अभिलेख | शिक्षण सिकाइ सामग्रीको देखिने विवरण र सो आंशिक प्रयोग भएको अभिलेख | शिक्षण सिकाइ सामग्रीको देखिने विवरण | आधार नचाहिने | | |
| ३४ | कक्षा ५ सम्म बुक कर्नरको स्थापना तथा व्यवस्थापन भएको | बुक कर्नरको स्थापना भई आवश्यक सामग्रीहरु अद्यावधिक गरिएको साथै बुक कर्नर प्रभावकारी रुपमा प्रयोगमा आएको देखिने अभिलेख | बुक कर्नरको स्थापना भई प्रत्येक वर्ष बुक कर्नरमा आवश्यक सामग्रीहरु अद्यावधिक गरिएको | बुक कर्नरको स्थापना भएको | आधार नचाहिने | | |
| ३५ | विद्यार्थीको सहज पहुँच हुने गरी सबै विषय क्षेत्र समावेश गरिएको विज्ञान प्रयोगशाला, पुस्तकालय/कम्प्यूटर ल्याब स्थापना भई नियमित रुपमा प्रयोग तथा कक्षा सञ्चालनमा आएको | उल्लिखित व्यवस्था भई नियमित सञ्चालनमा आएको र सबैले उपयोग गर्ने अवसर पाएको प्रतिवेदन | उल्लिखित व्यवस्था स्थापना भई नियमित रुपमा सञ्चालनमा आएको अभिलेख | उल्लिखित व्यवस्था स्थापना भई आंशिक रुपमा सञ्चालनमा आएको | आधार नचाहिने | | |
| ३६ | स्थानीय भूगोल र समुदायको अध्ययन गराउने हेतुले स्थानीय कला, संस्कृति, भेषभुषा, जीवनशैली आदि झल्किने गरी संग्राहलय कक्षको व्यवस्था | संग्राहलय कक्षको स्थापना भई प्रयास सामग्रीहरु राखिएको र विद्यार्थीहरुलाई साक्षात्कार गराइएको अभिलेख | संग्राहलय कक्षको स्थापना भई उल्लिखित क्षेत्रसँग सम्बन्धित सामग्रीहरु राखिएको | संग्राहलय कक्षको स्थापना भई उल्लिखित क्षेत्रसँग सम्बन्धित आंशिक सामग्रीहरु राखिएको | आधार नचाहिने | | |
| ३७ | प्रधानाध्यापकको कार्यबोझ कम गर्न अधिकार र कर्तव्य समेत तोकी सहायक प्रधानाध्यापकको जिम्मेवारी सहित नेतृत्व सीप हस्तान्तरण हुने गरी कामकाजमा लगाइएको र प्रतिवेदन पेश भएको | कार्यविवरण सहित सहायक प्रधानाध्यापकको जिम्मेवारी तोकिएको साथै सहायक प्रधानाध्यापकले सम्पादन गरेका कार्यहरुको प्रतिवेदन | सहायक प्रधानाध्यापकको जिम्मेवारी तोकिएको साथै सहायक प्रधानाध्यापकले सम्पादन गरेका कार्यहरुको प्रगति प्रतिवेदन | सहायक प्रधानाध्यापकको जिम्मेवारी तोकिएको | आधार नचाहिने | | |
| ३८ | विद्यालयसँग सम्बन्धित प्रशासनिक, साँस्कृतिक, खेलकुद लगायतका कार्यहरु प्रभावकारी रुपमा गर्नको लागि विभिन्न इकाई गठन गरी प्रमुखहरुको जिम्मेवारी तोकिएको | विभिन्न इकाईहरु गठन गरिएको निर्णय, पदाधिकारीहरुलाई जिम्मेवारी तोकिएको पत्र र इकाई प्रमुखबाट पेश भएको प्रगति प्रतिवेदन | विभिन्न इकाईहरु गठन गरिएको निर्णय र इकाई प्रमुखबाट पेश भएको प्रगति प्रतिवेदन | विभिन्न इकाईहरु गठन गरिएको निर्णय | आधार नचाहिने | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३९ | विद्यार्थी, शिक्षक र अभिभावकको आचारसहिंता निर्माण गरिएको साथै आचारसंहिता अनुगमन समितिबाट स्टाफ मिटिङमा आचारसंहिता पालनाको प्रतिवेदन पेश भएको | आचारसंहिता निर्माण गरी सरोकारवालाहरुलाई अभिमुखीकरण गरेको र आचारसंहिता पालनाको सम्बन्धित अनुगमन समितिबाट पेश भएको प्रतिवेदन | आचार संहिता निर्माण गरी सरोकारवालाहरुलाई अभिमुखीकरण गरेको | आचार संहिता निर्माण गरिएको | आधार नचाहिने | | |
| ४० | विद्यालयमा सुझाव पेटिका राखिएको साथै सूचना अधिकारी तथा गुनासो समाधान संयन्त्रको व्यवस्था भई निरन्तर रुपमा क्रियाशिल रहेको | सुझाव पेटिका राखी सूचना अधिकारी तोकिएको गुनासो सुनुवाई संयन्त्रको गठन गरिएको तथा गुनासो सुनुवाई संयन्त्रको प्रतिवेदन | सुझाव पेटिका राखी सूचना अधिकारी तोकिएको गुनासो सुनुवाई संयन्त्रको गठन गरिएको | सुझाव पेटिका राखी सूचना अधिकारी तोकिएको | आधार नचाहिने | | |
| ४१ | विद्यालयमा वार्षिक कार्यतालिका तथा सोही बमोजिमको शैक्षणिक योजना निर्माण हुनुका साथै शिक्षकहरुबाट समेत पाठ योजनाको प्रभावकारी रुपमा प्रयोग भएको | वार्षिक कार्यतालिका, शैक्षणिक योजना र पाठ योजना निर्माण गरिएको, वार्षिक योजनाको सम्बन्धमा शिक्षकलाई जानकारी गराइएको र कार्ययोजनाको कार्यान्वयन प्रतिवेदन | वार्षिक कार्यतालिका र शैक्षणिक योजना निर्माण गरिएको, वार्षिक योजनाको सम्बन्धमा शिक्षकलाई जानकारी गराइएको र कार्ययोजनाको कार्यान्वयन प्रतिवेदन | वार्षिक कार्यतालिका र शैक्षणिक योजना निर्माण गरिएको, वार्षिक योजनाको सम्बन्धमा शिक्षकलाई जानकारी गराइएको | आधार नचाहिने | | |
| ४२ | सबै विषयका शिक्षकबाट तयारी शैक्षिक सामग्रीको व्यवस्था तथा स्थानीय स्रोतसाधन प्रयोग गरी उपयुक्त र प्रयास शैक्षिक सामग्री निर्माण भएको साथै प्रयास खेल सामग्रीहरुको व्यवस्था भई नियमित प्रयोगमा आएको | स्थानीय स्रोतसाधन प्रयोग गरी शैक्षिक सामग्री निर्माण तथा खेलकुदका सामग्रीको प्रयास व्यवस्था मिलाइएको र नियमित प्रयोग भएको अभिलेख | स्थानीय स्रोतसाधन प्रयोग गरी शैक्षिक सामग्री निर्माण तथा खेलकुदका सामग्रीको आंशिक व्यवस्था मिलाइएको र नियमित प्रयोग भएको अभिलेख | स्थानीय स्रोतसाधन प्रयोग गरी शैक्षिक सामग्री निर्माण तथा खेलकुदका सामग्रीको व्यवस्था मिलाइएको | आधार नचाहिने | | |
| ४३ | प्रधानाध्यापकबाट विद्यालय सुधार योजना (SIP) निर्माण हुनुका साथै प्रभावकारी कार्यान्वयनको सम्बन्धमा समीक्षा हुने गरेको र गाउँपालिकामा प्रतिवेदन पेश गर्ने गरेको | विद्यालय सुधार योजना निर्माण गरी प्रतिवेदन गाउँपालिकामा पेश गरेको साथै (SIP) कार्यान्वयनको प्रगति समिक्षामा ७५% भन्दा बढी उपलब्धी हाँसिल भएको | विद्यालय सुधार योजना निर्माण गरी प्रतिवेदन गाउँपालिकामा पेश गरेको साथै (SIP) कार्यान्वयनको प्रगति समिक्षामा ५०% भन्दा बढी उपलब्धी हाँसिल भएको | विद्यालय सुधार योजना निर्माण गरी प्रतिवेदन गाउँपालिकामा पेश गरेको साथै (SIP) कार्यान्वयनको प्रगति समिक्षामा २५% भन्दा बढी उपलब्धी हाँसिल भएको | आधार नचाहिने | | |
| ४४ | विद्यालयको वार्षिक सिकाई उपलब्धी कम्तिमा पनि ५० प्रतिशत भएको | विद्यालयको सिकाई उपलब्धी ७५ वा सो भन्दा माथि रहेको साथै सिकाई उपलब्धी वृद्धिको लागि क्रियाकलापहरु सञ्चालन भएको | विद्यालयको सिकाई उपलब्धी ६० वा सो भन्दा माथि रहेको साथै सिकाई उपलब्धी वृद्धिको लागि क्रियाकलापहरु सञ्चालन भएको | विद्यालयको सिकाई उपलब्धी ५० वा सो भन्दा माथि रहेको साथै सिकाई उपलब्धी वृद्धिको लागि क्रियाकलापहरु सञ्चालन भएको | आधार नचाहिने | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४५ | विद्यार्थीले शिक्षकसँग, शिक्षकले प्रधानाध्यापकसँग र प्रधानाध्यापकले गाउँपालिकासँग सिकाई उपलब्धी र समग्र शैक्षिक सुधारका लागि कार्यसम्पादन सम्झौता गरेको | कार्यसम्पादन सम्झौता तथा कार्यसम्पादनका प्रतिवद्धताहरु पूरा भएको प्रतिवेदन र साविक तथा हालको सिकाई उपलब्धीको तुलनात्मक अभिलेख | कार्यसम्पादन सम्झौता तथा कार्यसम्पादनका प्रतिवद्धताहरु पूरा भएको प्रतिवेदन | कार्यसम्पादन सम्झौता भएको | आधार नचाहिने | | |
| ४६ | सेवा क्षेत्रका सबै बालबालिकालाई विद्यालय भर्ना गर्न अभियान सञ्चालन गरिएको साथै विद्यालय छोड्ने दर न्यूनतम रहेको | विद्यालय भर्ना कार्यक्रम सञ्चालन गरिएको अभिलेख पुस्तिका, सेवा क्षेत्रका सबै बालबालिका विद्यालय भर्ना भएको र विद्यालय दर घट्दो क्रममा रहेको अभिलेख | विद्यालय भर्ना कार्यक्रम सञ्चालन गरिएको अभिलेख पुस्तिका, सेवा क्षेत्रका सबै बालबालिका विद्यालय भर्ना भएको | विद्यालय भर्ना कार्यक्रम सञ्चालन गरिएको अभिलेख पुस्तिका | आधार नचाहिने | | |
| ४७ | आवश्यक औषधी तथा प्राथमिक उपचार सामग्री सहित प्राथमिक उपचार तथा परामर्श कक्षको व्यवस्था भई सञ्चालनको लागि जिम्मेवारी तोकिएको | परामर्श तथा प्राथमिक उपचार कक्षको व्यवस्था र कक्षमा आवश्यक सामग्री तथा औषधीको प्रयाप्त व्यवस्था भएको साथै जिम्मेवार व्यक्ति तोकी खटाइएको | परामर्श कक्ष तथा प्राथमिक उपचार कक्षको व्यवस्था र सम्बन्धित कक्षमा आवश्यक सामग्री तथा औषधीको प्रयाप्त व्यवस्था भएको | परामर्श कक्ष तथा प्राथमिक उपचार कक्षको व्यवस्था र सम्बन्धित कक्षमा आवश्यक सामग्री तथा औषधीको आंशिक व्यवस्था भएको | आधार नचाहिने | | |
| ४८ | विद्यालयको गत वर्षको लेखापरीक्षणमा कुनै बेरुजु नभएको | लेखा परीक्षणमा कुनै बेरुजु नरहेको | कुल लेखापरीक्षण रकमको १% भन्दा कम बेरुजु रहेको र बेरुजु घटाउनका लागि भएका क्रियाकलापको विवरण | लेखापरीक्षणमा गत आर्थिक वर्षको भन्दा बेरुजु घट्दो क्रममा रहको | आधार नचाहिने | | |
| ४९ | एक शैक्षिक वर्षमा विद्यालय खुलेको दिन कम्तीमा १९२-२२० भएको | एक शैक्षिक वर्षमा २२० भन्दा बढि दिन विद्यालय खुलेको प्रतिवेदन | एक शैक्षिक वर्षमा २१० दिन भन्दा बढि विद्यालय खुलेको प्रतिवेदन | एक शैक्षिक वर्षमा १९२ दिन विद्यालय खुलेको प्रतिवेदन | आधार नचाहिने | | |
| ५० | विद्यार्थीको कक्षागत मासिक नियमितता कम्तीमा ७५ प्रतिशत भएको साथै दैनिक प्रार्थना समयमा विद्यार्थीको सरसफाई चेकजाँच गर्ने गरेको | विद्यार्थीको नियमितता ८५ प्रतिशत भन्दा भएको साथै दैनिक प्रार्थना समयमा विद्यार्थीको सरसफाई चेकजाँच गर्ने गरेको | विद्यार्थीको नियमितता ८० प्रतिशत भन्दा भएको साथै साप्ताहिक प्रार्थना समयमा विद्यार्थीको सरसफाई चेकजाँच गर्ने गरेको | विद्यार्थीको नियमितता ७५ प्रतिशत भन्दा भएको साथै मासिक प्रार्थना समयमा विद्यार्थीको सरसफाई चेकजाँच गर्ने गरेको | आधार नचाहिने | | |
| **विद्यालयको प्रासाङ्कः** | | | | | | | |

**अनुगमनकर्ताको टिप्पणीः**

| |
|---|
| |

**उल्लिखित सूचकहरुमा विद्यालयको कार्यसम्पादन मूल्याङ्कन गर्दा शैक्षिक गुणस्तर .................. पाइएकोले विद्यालयलाई ............... रङको झण्डा प्रदान गर्न सिफारिस गरिन्छ।**

| | | | |
|---|---|---|---|
